जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ३०१ २०८३ साल असार ३२ गते बिहीबार (16 July 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : विपद्मा नसर्ने रोगको सेवा ३ पृष्ठमा : रासायनिक मलको आपूर्ति... ३ पृष्ठमा : एआई नियन्त्रण गर्ने कानून...

# प्रतिष्ठानको काम अन्तिम चरणमा, ऐन चाँडै आउने : डा. चौधरी

**सतीश कुमार**
**राजविराज, ३१ असार ।**

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐन नेपाल सरकारको मन्त्री परिषदले स्वामित्व लिईसकेकोले ऐन बन्ने काम अन्तिम चरणमा पुगेको छ ।

प्रतिष्ठानका अध्यक्ष प्रा. डा. पशुपति चौधरीले प्रतिष्ठानको काम ऐन नबन्दा धेरै समयदेखि लम्बित रहेको बताउँदै स्वास्थ्य मन्त्रालयले यस बर्ष ऐन ल्याउने मन्त्रालयको मूल एजेण्डा रहेको बताए ।

संघीय सरकारद्वारा मधेशसहित सबै प्रदेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने घोषणा भइसकेकोमा यस प्रतिष्ठानको काम करिब करिब टुङ्गिसकेको बताए । अब ऐन बनिसकेपछी ती अपुरो कामहरुले गति लिने उनले विश्वास व्यक्त गरे ।

ऐनको सन्दर्भ स्पष्ट पार्दै डा. चौधरी भन्छन्- "ऐन भन्ने कुरो सम्बन्धित मन्त्रालयले मस्यौदा र निर्णय गरी अर्थ मन्त्रालयमा पठाउने, अर्थ मन्त्रालयले सहमति दिएपछि कानून मन्त्रालयामा जाने र कानून मन्त्रालयको अन्तिम स्वीकृति पछि पुनः सम्बन्धित मन्त्रालयमा आए पछि सम्बन्धित मन्त्रालयले मस्यौदाको अन्तिम प्रारुप मन्त्रीपरिषदमा स्वीकृतिको लागि पठाईन्छ र मन्त्रीपरिषदको निर्णय पछि मात्र संसदमा ऐनको मस्यौदाले प्रवेश पाउँछ ।" डा. चौधरी अगाडी भन्छन्- "यी सबै प्रक्रिया पूरा गरी २०८२ साल भदौ २४ गते कै मन्त्री परिषद बैठकमा ऐन संसदमा पठाउने स्वीकृतिको लागि प्रस्तावित थियो तर त्यही दिन भएको जेनजी आन्दोलनले गर्दा ऐनको मस्यौदा स्वीकृत हुन सकेको थिएन ।"

प्रतिष्ठानलाई पूर्वाधार निर्माण र ऐन बनाउने मात्र कार्यदेश रहेकोमा ऐन नभएर शिक्षण अस्पताल (मेडिकल अध्यापन) को नीति सम्म बनाउन सकिएको छैन भने पूर्वाधार विकास तर्फ सरकारले बजेट निर्धारण नगर्दा काम अगाडी बढ्न नसकेको डा. चौधरीले स्पष्ट पारे ।

पूँजीगतको सँगै चालु बजेटको आभावमा प्रतिष्ठानका कर्मचारीहरुले केही महिनादेखि तलब भत्ता नपाई काम गरी रहेकोले चुनौती रहेको तर यहाँका स्थानीयवासी र राजनीतिक दलले साह्रो चासो नराख्दा तथा अहिलेको समयमा सरकार पनि बदलिएको अवस्थाले प्रतिष्ठानको काम द्रुत गतिमा अगाडी नबढेको डा. चौधरीले स्वीकारे ।




कठिनाई भएपनि यस अवधिमा सकारात्मक कामहरु पनि प्रतिष्ठानको हकमा भएको जिकिर गर्दै डा. चौधरीले भने "अहिले प्रतिष्ठानको गुरुयोजना अन्तर्गत विस्तृत परियोजना प्रतिवेदन (डीपिआर) तैयार भईसकेको अवस्था छ भने लामो समय लिने र झन्झटिलो मानिने बाताबरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (ई.आई.ए.आर.) तैयार भईसकेको तर बजेटको आभावले सो प्रतिवेदन तैयार गर्ने निकायलाई भुक्तानी नगरिंदा होल्डमा रहेको अवस्था छ ।"

आउँदो बर्षको बजेटमा रकम छुट्टयाईने र ऐन पनि संसदमा जाने भनी जानकारी भएकोले आउँदो बर्षदेखि प्रतिष्ठानको कामले गति लिने डा. चौधरीले विश्वास व्यक्त गरेका छन ।

राज्यको सुस्त कार्यनीति र राजनीतिक दलहरुको घोषणा गर्ने तर कार्यन्वयन छिटो नगर्ने प्रवृतिको जिउँदो उदाहरण हो यो प्रतिष्ठान । वि.सं. २०७५ मा के.पी. ओली प्रधानमन्त्री र उपेन्द्र यादव स्वास्थ्य मन्त्री हुँदा प्रतिष्ठान स्थापनाको घोषणा गरिएको थियो । घोषणाको २ बर्ष सम्म मूख्यतः जग्गा विवाद, सरकारको नेतृत्व परिवर्तन र नीतिको अस्पष्टताले कुनै काम अगाडी बढ्न सकेको थिएन भने २०७८ सालमा राजविराज १० स्थित बिरौलमा जग्गा अधिग्रहण पश्चात असार २०७८ मा कार्यालय स्थापना र औपचारिक रुपले शिलान्यासको कार्य गरिएको थियो । बजेट विनियोजन र निकासाको समस्याले गर्दा उक्त जग्गामा अहिले सम्म तारजालीले घेर्ने बाहेकका अन्य कुनै काम गर्न सकिएको छैन । त्यस पछिका दिनमा २०७९ असोजमा तत्कालिन अध्यक्ष डा. रोहित पोखरेलले राजीनामा गर्दा एक बर्ष भन्दा बढी समय प्रतिष्ठान अध्यक्ष विहिनै भएको थियो । २०८० माघमा अध्यक्षमा नियुक्त भएका डा. परशुराम मिश्रको नियुक्ति पनि प्रशासनिक विवादमा तानिँदा डा. मिश्रले दुई महिनामै राजीनामा दिनु परेको थियो र २०८० चैत्रमा प्रा. डा. पशुपति चौधरी अध्यक्षमा नियुक्त भई हाल सम्म कार्यरत छन ।

यसअघि डा. सिके राउत प्रतिनिधिसभा सदस्य रहँदा प्रतिष्ठानको गठन आदेशको म्याद समाप्त भएको अवस्थामा "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान २०८०" लेखाई पुनः प्रक्रिया

***बाँकी अन्तिम पृष्ठमा***

# १४.२ किलो ग्यास भएका सिलिण्डर बजारमा

काठमाडौं, ३१ असार (रासस) ।

नेपाल आयल निगमले बुधबारदेखि साविककै १४ दशमलव २ किलोग्राम ग्यास भरिएको सिलिण्डर बजारमा पठाउन निर्देशन दिएको छ ।

इण्डियन आयलका विभिन्न बोटलिङ्ग प्लान्ट तथा रिफाइनरीहरुबाट एलपी ग्यासको लोलिडको अवस्थामा सुधार आएको जनाउँदै निगमले बुधबारदेखि सिलिण्डरमा १४ दशमलव २ किलो ग्यास भर्न उद्योगीलाई निर्देशन दिएको प्रवक्ता मनोज ठाकुरले जानकारी दिनुभयो ।

निगमले १४ दशमलव २ किलो ग्यासको मूल्य प्रतिसिलिण्डर रु दुई हजार ६० तोकेको छ । निगमले तत्कालीन अवस्थामा ग्यासको आपूर्ति र वितरण प्रणालीलाई सहज बनाउन गत फागुन २९ गतेदेखि अर्को निर्णय नभएसम्म आधा तौल (७ दशमलव १ किलो) ग्यास भएको सिलिण्डर बिक्री गर्न निर्देशन दिएको थियो ।

# देशभर ५० प्रतिशत धान रोपाइँ सम्पन्न

ललितपुर, ३१ असार (रासस) ।

देशभर हालसम्म करिब ५० प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । कृषि विभागका अनुसार यस वर्ष १३ लाख ७० हजार हेक्टर क्षेत्रफलमा धान रोप्ने लक्ष्य रहेकामा हालसम्म ६ लाख ८२ हजार हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको छ ।

विभागका महानिर्देशक राजेन्द्र कोइरालाले गत वर्ष यही अवधिसम्म ६० प्रतिशत रोपाइँ भएको भए पनि यस वर्ष ५० प्रतिशत मात्र रोपाइ सम्पन्न भएको जानकारी दिनुभयो ।

प्रदेशगत रूपमा सबैभन्दा बढी सुदूरपश्चिममा ८७ प्रतिशत रोपाइँ भएको छ । त्यसपछि गण्डकीमा ६५ दशमलव नौ प्रतिशत, कर्णालीमा ६० प्रतिशत, लुम्बिनीमा ५९ प्रतिशत र बागमतीमा ५७ दशमलव एक प्रतिशत रोपाइँ भएको छ । कोशीमा ३२ प्रतिशत र मधेसमा ३२ दशमलव सात प्रतिशत मात्रै रोपाइँ भएको विभागले जनाएको छ ।

देशका धेरै ठाउँमा वर्षा भइरहेकाले आगामी एक सातामा धान रोपाइँ अझ बढ्ने विभागको अपेक्षा छ । बाढी, पहिरो वा अन्य प्राकृतिक विपद् नआएमा रोपाइँ अझै तीव्र हुने विभागले जनाएको छ ।

# कांग्रेसका मन्त्रीद्वारा राजीनामा

कर्णाली, ३१ असार (रासस) ।

नेपाली कांग्रेसबाट कर्णाली प्रदेश सरकारमा सहभागी चार मन्त्रीले बुधबार राजीनामा दिनुभएको छ ।

आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाह, सामाजिक विकासमन्त्री घनश्याम भण्डारी, जलस्रोत तथा ऊर्जामन्त्री विजया बुढा र उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले संयुक्त रुपमा त्यागपत्र दिनुभएको नेपाली कांग्रेस कर्णाली प्रदेशसभा दलका नेता जीवनबहादुर शाहीले जानकारी दिनुभयो ।

दुई/दुई वर्ष आलोपालो सरकार चलाउने गरी सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको सहमतिअनुसार उहाँहरुले बुधबार संयुक्त राजीनामा दिनुभएको हो ।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,

- विभिन्न अंगमा क्षति पुर्‍याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुर्‍याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बचन,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ‘आर्थिक सुधारका लागि कानुन संशोधन र खारेजीको प्रक्रिया अघि बढाइएको छ’

काठमाडौँ, ३१ असार (रासस) ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिसअनुसार अर्थसम्बन्धी केही नेपाल कानुन संशोधन तथा खारेज गर्न लागिएको स्पष्ट पार्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा ‘अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्’ भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले आफू अर्थमन्त्री नियुक्त भएकै दिन आर्थिक सुधारमा बाधक बनेका कानुन खारेज गर्ने घोषणा गरेको स्मरण गराउनुभयो ।

“सो घोषणालाई मूर्तरूप दिन विधेयक अघि बढाइएको हो,” उहाँले भन्नुभयो, “संसद्‌बाट नयाँ कानुन बनाउनुपर्ने हुन्छ भने आवश्यकताअनुसार केही कानुन खारेज पनि गर्नुपर्ने हुन्छ। यही प्रक्रियाअन्तर्गत विधेयक ल्याइएको हो। सरकार आर्थिक सुधारप्रति प्रतिबद्ध छ र घोषणा गरिएका विषयलाई कानुनी रूपमा कार्यान्वयन गर्दै लगिएको छ ।”

उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरू मञ्जु भुसाल, कृष्णहरि बुढाथोकी, नितिमा भण्डारी (कार्की), अशोककुमार चौधरी, माधवबहादुर थापा, सुशील खड्का, रेनुका काउँचा, विदुषी राणा, नरेन्द्रकुमार केरुङ, मदनकृष्ण श्रेष्ठ, बुद्धिप्रसाद पन्त, साजिदा खातुन सिद्धिकी, हरिप्रसाद भुसाल, गुरुप्रसाद बराल र पुष्पराज कँडेलले भाग लिनुभएको थियो ।

त्यसअघि अर्थमन्त्री वाग्लेले ‘अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्’ भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्ताव प्रतिनिधिसभाले सर्वसम्मत रूपमा स्वीकृत गरेको थियो । बैठकमा सभामुख डोलप्रसाद अर्यालले उक्त विधेयकमाथि संशोधन दर्ता गर्न इच्छुक सांसदहरूले प्रतिनिधिसभाको विधेयक शाखामा सम्पर्क गर्न सक्ने जानकारी गराउनुभयो ।

## भूमिहीन र सुकुमवासीको दिगो व्यवस्थापनबारे छलफल गर्न विपक्षी दलको प्रस्ताव

काठमाडौँ, ३१ असार (रासस) ।

प्रतिनिधिसभाका विपक्षी दलहरूले वास्तविक भूमिहीन, भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको दिगो व्यवस्थापनका विषयमा छलफल गराउन सङ्घीय संसद् सचिवालयमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गराएका छन् ।

प्रतिनिधिसभा नियमावली, २०८३ को नियम ७१ बमोजिम विपक्षी दलहरूको तर्फबाट बुधबार उक्त प्रस्ताव दर्ता गरिएको हो । संविधान, कानुन र मानवअधिकारका मान्यताअनुरूप भूमिहीन तथा सुकुमवासी नागरिकको संरक्षण र दिगो पुनःस्थापनाका विषयमा सदनमा छलफल गर्न आवश्यक रहेको सूचनामा उल्लेख गरिएको संसद् सचिवालयले जनाएको छ ।

प्रमुख विपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे प्रस्तावक रहनुभएको उक्त प्रस्तावको नेकपा (एमाले)का ऐनबहादुर महर, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का युवराज दुलाल र श्रम संस्कृति पार्टीका आरेन राई समर्थक हुनुहुन्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपद्‌मा नसर्ने रोगको सेवा निरन्तरताको खाँचो

काठमाडौँ, ३१ असार (रासस) ।

नेपालमा बढ्दो नसर्ने रोगको जोखिमलाई कम गर्न स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल आवश्यक रहेकामा जोड दिइएको छ । साथै जोखिमलाई सामना गर्न विपद्‌का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताका लागि संयुक्त प्रयासको खाँचो औँल्याइएको छ ।

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित उत्थानशील नसर्ने रोग परियोजनाद्वारा ‘विपद्‌का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताको लागि अत्यावश्यक प्रतिकार्य प्याकेज’ विषयक गोलमेच छलफल कार्यक्रम सो खाँचो औँल्याइएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले सासाइटीले विभिन्न मानवीय सेवाका गतिविधिलाई निरन्तर जारी रहेको जानकारी दिनुभयो ।

स्वास्थ्य सेवा विभाग, नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाका प्रमुख डा पोमावती थापाले ‘नेपालमा नसर्ने रोगको वर्तमान अवस्था, उपलब्धि तथा सन् २०३० सम्मको राष्ट्रिय कार्यदिशा’ विषयक प्रस्तुति गर्दै नेपालमा बढ्दो नसर्ने रोगको चुनौतीलाई सम्बोधन गर्न विपद् जोखिम व्यवस्थापनसँग स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल अपरिहार्य रहेकामा जोड दिनुभयो । उहाँले भन्नुभयो“ विभिन्न कारणले पछिल्लो समय नेपालमा सरुवा भन्दा नसर्ने रोगको जोखिम उच्च हुँदै गएको छ । यसलाई सम्बोधन गर्न संयुक्त प्रयासको खाँचो पर्दछ ।”

कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले नसर्ने रोगको जोखिममा रहेका समुदायको पहिचान गरी त्यहीअनुसारको पूर्वतयारी गर्नुपर्ने आवश्यतका औँल्याउनुभयो । डेनिस रेडक्रसको देशीय व्यवस्थापक ( नेपाल र बङ्गलादेश) डेभिड फोग्देनले नसर्ने रोगको विश्वव्यापी तथ्याङ्कलाई अध्ययन गर्दा अवस्था गम्भीर रहेको पाइएको बताउनुभयो । उहाँले समुदायमा विपद् प्रतिरोधात्मक स्वास्थ्य प्रणालीको विकास, गैरसरुवा रोगको प्रभावकारी व्यवस्थापन तथा साझेदारीमा आधारित कार्यलाई आगामी दिनमा अझ सशक्त रूपमा अघि बढाउनुपर्नेमा सुझाव दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले विपद्‌का अवस्थामा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूका लागि स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्न बहुपक्षीय सहकार्य र नीतिगत समन्वय आवश्यक छ भन्नुभयो ।

डेनिस रेडक्रसका नेपाल कार्यक्रम संयोजक निरु प्रधान तथा नेपाल रेडक्रस सोसाइटीका कार्यक्रम संयोजक प्रमोद अधिकारीले बिपद्‌को समयमा नसर्ने रोगसम्बन्धी बिरामीहरूका लागि उपचार तथा आवश्यक स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले सञ्चालन भइरहेको उत्थानशील नसर्ने रोग परियोजनाका प्रमुख उपलब्धि तथा सिकाइहरू प्रस्तुत गर्नुभएको थियो ।

नेपाल रेडक्रस, स्वास्थ्य सेवा विभागका कार्यक्रम संयोजक अनिल महर्जनले परियोजनाअन्तर्गत गरिएको अध्ययन तथा अनुसन्धानका प्रमुख निष्कर्ष प्रस्तुत गर्दै समुदायस्तरमा नसर्ने रोग व्यवस्थापनलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग आबद्ध गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको थियो ।

कार्यक्रममा नसर्ने रोगसम्बन्धी सेवाको व्यावहारिक कार्यान्वयन, नीतिगत अवसर, स्वास्थ्य प्रणालीमा प्रभावकारी एकीकरण तथा दिगो संस्थागत व्यवस्थापनका विषयमा सहभागीहरूबीच अन्तर्क्रियात्मक छलफल भएको थियो । यसमा विपद्‌को अवस्थामा नसर्ने रोग (एनसिडी) सम्बन्धी सेवाको निरन्तरता सुनिश्चित गर्न आवश्यक नीति तथा रणनीतिक व्यवस्था, स्रोत परिचालन, स्वास्थ्य प्रणाली र प्राथमिक स्वास्थ्य सेवासँग एनसिडी सेवाको एकीकरण, आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको आपूर्ति व्यवस्थापन, स्थानीय तहको भूमिका, पेन-डीको संस्थागत विकासमा छलफल गरिएको थियो । साथै, अनुसन्धान तथा प्रमाणमा आधारित नीति निर्माण, अन्तरराष्ट्रिय अभ्यास, बहुपक्षीय समन्वय तथा विपद्‌को समयमा नसर्ने रोगका बिरामीलाई गुणस्तरीय र निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने उपायबारे छलफल गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटीका निमित्त कार्यकारी निर्देशक मोना अर्यालले विपद्‌को समयमा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूले अविच्छिन्न रूपमा स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण सुनिश्चित गर्न सरकार, रेडक्रस तथा सरोकारवाला निकायबीचको सहकार्य, अनुभव आदानप्रदान र प्रमाणमा आधारित नीतिगत पहललाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा कञ्चनपुरको लालझडी गाउँपालिका अध्यक्ष निर्मल रानाले नेपाल रेडक्रस सोसाइटीको सहयोगमा सञ्चालित नसर्ने रोगको परियोजनाबाट पालिकामा पुगेको सहयोगका बारेमा आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो ।

छलफलको सहजीकरण रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी) क्यानेडियन रेडक्रसका एसिया प्रशान्त क्षेत्रीय स्वास्थ्य सल्लाहकार रमेश न्यौपानेले गर्नुभएको थियो ।

छलफल कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, महामारी तथा रोग नियन्त्रण महाशाखा, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल रडक्रस सोसाइटी, आइएफआरसी, डेनिस रेडक्रस, क्यानेडियन रेडक्रस, विश्व स्वास्थ्य सङ्गठन, काठमाडौँ विश्वविद्यालय तथा स्वास्थ्य क्षेत्रमा क्रियाशील विभिन्न सरकारी एवं गैरसरकारी निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# खोज, उद्धार र राहतका लागि निजी क्षेत्रले सरकारलाई हेलिकप्टर उपलब्ध गराउने

काठमाडौँ, ३१ असार (रासस) ।

विपद्‌मा परेका व्यक्तिहरुको खोज तथा उद्धारका लागि प्रयोग हुने गरी निजी क्षेत्रले हेलीकोप्टर, ड्रोन र राफ्टिङ उपलब्ध गराउने भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र वायुसेवा सञ्चालक सङ्घ, नेपाल, नेपाल ड्रोन सङ्घ र नेपाल एशोसिएशन अफ राफ्टिङ एजेन्सिज् (नारा) बीच उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो । वायुसेवा सञ्चालक सङ्घ, नेपालसँगको समझदारी अनुसार काठमाडौँ उपत्यकाभित्र उडान गर्नुपरेमा निःशुल्क उपलब्ध गराउने र उपत्यकाबाहिर उडान गर्नुपरेमा न्यूनतम सञ्चालन खर्चमा सेवा दिने समझदारी भएको छ ।

यसैगरी नेपाल ड्रोन सङ्घसँगको समझदारीअनुसार विपद्‌को समयमा ड्रोनको प्रयोग आवश्यक भएमा प्राधिकरणलाई निःशुल्क रुपमा ड्रोन र तत्सम्बन्धी उपकरण ( पाईलटसहित) उपलब्ध गराउनु पर्नेछ । सो कार्यमा खटिने सदस्यहरुको यात्रा र बसोबासको व्यवस्था भने प्राधिकरणले गर्ने उल्लेख छ ।

नेपाल एशोसिएशन अफ राफ्टिङ एजेन्सिज् (नारा) सँगको समझदारी अनुसार विपद्‌को समयमा राफ्टको प्रयोग गर्न प्राधिकरणले आवश्यक देखेर माग गरेमा नाराले निःशुल्क रुपमा राफ्ट र तत्सम्बन्धी उपकरण (जनशक्तिसहित) उपलब्ध गराउनु पर्ने उल्लेख छ । राफ्ट र जनशक्ति बाढी, डुबान तथा नदीजन्य विपद्‌मा परेका व्यक्तिहरूको तत्काल खोज तथा उद्धार, राहत सामग्री, औषधि र उद्धार टोलीको ढुवानीलगायतका काममा प्रयोग गरिने समझदारी छ । यो समझदारी एक वर्षसम्म कायम रहने र आपसी समझदारीमा पुनःनवीकरण गर्न सकिनेसमेत समझदारी पत्रमा उल्लेख गरिएको छ ।

सो अवसरमा प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले विपद्‌का बेला सरकार, निजी क्षेत्र र समुदायको आपसी सहकार्य तथा समन्वय जरुरी हुने बताउनुभयो । उहाँले सबैको हातेमालोबाट मात्रै विपद्‌लाई पार लगाउन सकिने जिकिर गर्दै निजी क्षेत्रको सेवा भावप्रति आभार व्यक्त गर्नुभयो ।

यसैगरी वायुसेवा सञ्चालक सङ्घ, नेपालका महासचिव मुरलीधर जोशी, नेपाल ड्रोन सङ्घका अध्यक्ष राजविक्रम महर्जन र नेपाल एशोसिएशन अफ राफ्टिङ एजेन्सिज् (नारा) का निमित्त अध्यक्ष शिव अधिकारीले विपद्‌मा परेका नागरिकको जीउधनको सुरक्षाका लागि आफूहरुले सकेको मद्दत गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रका उपसचिव फणिन्द्रप्रसाद पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, सडक विभाग, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका प्रतिनिधिहरुको उपस्थिति थियो ।

## किसानलाई सावधानी अपनाउन आग्रह

काठमाडौँ, ३१ असार (रासस) ।

कृषि सूचना केन्द्रले देशभर मनसुनको अवस्था र सम्भावित जोखिमबाट सावधानी अपनाउन खाद्यबाली उत्पादक तथा पशुपालक किसानलाई आग्रह गरेको छ ।

केन्द्रले देशभर यससाता मनसुनी वायुको प्रभाव रहने भएकाले आफ्ना उत्पादनलाई सुरक्षित भण्डारण गर्न सुझाव दिएको छ ।

अधिकृत सञ्जीव पण्डितका अनुसार एक लाख किसानलाई मोबाइल एसएमएसबाट मनसुनबाट हुनसक्ने क्षति न्यूनीकरण गर्ने सन्दर्भमा सावधानी अपनाउनबारे सन्देश प्रवाह गरिएको छ । केन्द्रले आफ्ना अन्नबाली र तरकारीमा क्षति हुन नदिन भल र भेलको पानी निकासको उचित व्यवस्था मिलाउनसमेत किसान आग्रह गरेको छ ।

मकैबाली, तरकारी तथा फलफूल बगैँचालगायत प्लाष्टिक घर, पशुपन्छीका गोठ-खोर वरिपरि पानी जम्न नदिन निकासको उचित प्रबन्ध गर्न आग्रह गरेको केन्द्रले वर्षात्को समयमा गाईभैँसीमा रोग देखापरेमा यथाशक्य छिटो पशुसेवा कार्यालयबाट त्यससम्बन्धी सेवा लिन सल्लाह दिएको छ ।

# रासायनिक मलको आपूर्ति सहज बनाउन सांसदको माग

काठमाडौँ, ३१ असार (रासस) ।
प्रतिनिधिसभाका सांसदहरुले मुलुकका समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।
प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा सांसदहरुले समयमै रासायनिक मल उपलब्ध गराउनुपर्ने, सुकुमवासीका समस्या समाधान गर्नुपर्ने, विपत्को पूर्व तयारीलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।
बैठकमा सांसद सन्दीप रानाले भन्नुभयो, "मल नपाएर हाहाकार भएको छ, रेबीज र क्यान्सरका बिरामी उपचार नपाएर अलपत्र छन्, बालबालिका कुपोषणका शिकार भएका छन्, युवाहरु विदेश पलायन भएका छन् । यसमा सरकारको ध्यान जाओस् ।"
सांसद अर्जुनकुमार कार्कीले लोकतन्त्रका लागि लडेका प्रतिपक्ष र सत्तापक्ष दुवैले कानुन र विधिलाई आत्मसाथ गर्नुपर्ने बताउनुभयो ।
सांसद गोपाल शर्माले सरकारले जनअपेक्षा अनुसार काम गर्न नसकेको टिप्पणी गर्नुभयो । सांसद आरेन राइले सरकारले सुकुमबासी समस्या दिर्घकालीन रुपमा समाधान गर्नुपर्ने माग गर्नुभयो ।
सांसद खुश्बु ओलीले कीर्तिपुरको जलन अस्पताललाई व्यवस्थित र सुविधा सम्पन्न बनाउनुपर्ने बताउनुभयो ।
सांसद राजकिशोर महतोले मुलुकलाई आत्मनिर्भर बनाउन हर्बल सामाग्रीको बजारीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।
सांसद रिना उप्रेतीले सोमबार सञ्चार गृहका प्रवेशद्वार अगाडी गाडी पार्किङ गरिएको घटनाको निष्पक्ष रुपमा छानबीन गर्न सरकार समक्ष माग गर्नुभयो ।
सांसद विष्णुमाया विकले सरकार जनताप्रति जवाफदेही हुनुपर्ने बताउनुभयो । सांसद गणेशबहादुर विश्वकर्माले सरकारले सय दिनको अवधिमा गरेका काम उल्लेखनीय भए पनि अझै जनअपेक्षा अनुसार काम गर्न बाँकी रहेको बताउनुभयो ।
सांसद पुकार बमले बुढानिलकण्ठ क्षेत्र पहिरोको जोखिममा रहेको उल्लेख गर्दै दीर्घकालीन सुरक्षाको नीति अपनाउन सरकारसँग आग्रह गर्नुभयो । सांसद एसुदाकुमारी बरालले पछिल्ला दिनमा देशका विभिन्न स्थानमा बाढी/पहिरोबाट जनधनको क्षति भएकाले प्रभावितको उद्धारका साथै राहत उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।
सांसद कृष्णहरि बुढाथोकीले भन्नुभयो, "कुन कुन सडक सञ्चालनमा छन्, कुन सडकमा पहिरो गएको छ, कुन ठाउँमा पुल र सडकखण्ड असुरक्षित छ, कुन मार्गमा सवारीसाधन सञ्चालन गर्न उपयुक्त छ, त्यसबारे सरकारले समयमै जानकारी दिने व्यवस्था मिलाउनुपर्छ ।"
सांसद खगेन्द्र सुनारले जातीय विभेद र हिंसाका घटनाबारे सरकारको ध्यान जाओस् भन्नुभयो ।
सांसदहरु लिमा अधिकारी आचार्य, गणेश कार्की, समीक्षा बाँस्कोटा, गणेश पौड्याल र बशुमाया तामाङ, झविलाल डुम्रे, श्रीधर पोखरेल, सुशान्त वैदिक, हरिप्रसाद भुषाल, जनकसिंह धामी, यज्ञमणि न्यौपानेलगायतले मुलुकका समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

# प्रदेशका प्रत्येक अस्पतालमा मानसिक रोग विशेषज्ञ चिकित्सकको व्यवस्था गर्छौं : मुख्यमन्त्री यादव

जनकपुरधाम, ३१ असार (रासस) ।
मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशका प्रत्येक अस्पतालमा मानसिक रोग विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न लागिएको बताउनुभएको छ ।
मधेस प्रदेशसभामा प्रदेश सरकारको प्रदेश विनियोजन विधेयक २०८३ माथि छलफलका क्रममा प्रदेशसभा सदस्यहरुले उठाएका प्रश्नको जवाफ दिनुहुँदै मुख्यमन्त्री यादवले पछिल्लो समय नागरिकमा मानसिक समस्या बढ्दा आत्महत्या र आत्मदाहजस्ता घटना हुने गरेकाले प्रदेशका प्रत्येक अस्पतालमा मानसिक रोग विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न लागिएको बताउनुभयो ।
शरीरमा पेट्रोलियम पदार्थ खन्याएर आत्मदाह गरेका सर्लाहीका विवेक मण्डलको परिवारलाई राहत उपलब्ध गराइने घोषणा गर्दै मुख्यमन्त्री यादवले मङ्गलबार राति आत्मदाहको प्रयास गरेका रौतहटको गरुडा नगरपालिका-९ का २८ वर्षीय गौतमकुमार सहनीको स्वास्थ्यलाभको कामना समेत गर्नुभयो ।
यसैगरी मुख्यमन्त्री यादवले मधेस प्रदेशमा अहिले करिब १० हजार मेट्रिक टन चामल भारतबाट आयात गर्नुपर्ने अवस्थाको अन्त्य गरी प्रदेशलाई धान र चामलमा आत्मनिर्भर बनाउन प्रयत्नशील रहेको बताउनुभयो । उहाँले सप्तरी र सिरहामा आँप खेती, सर्लाहीमा गोलभैँडाखेती तथा रौतहत र बारामा केरा खेतीलाई प्रोत्साहन गर्ने गरी प्रदेश सरकारले कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको उल्लेख गर्नुभयो ।
मधेस प्रदेशमा दुई बाली धान र एक बाली खेतीलाई जोड दिएको बताउनुहुँदै मुख्यमन्त्री यादवले बढ्दो फजुल खर्च कटौती गर्न प्रदेश सरकारले हालका १२ मन्त्रालयलाई घटाएर नौ बनाउने र प्रदेश सरकारअन्तर्गत निकाय तथा कार्यालयलाई समायोजन गर्न लागिएको बताउनुभयो । उहाँले प्रदेशसभा सदस्यबाट प्राप्त सुझावलाई सरकारले आत्मसात् गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# राष्ट्रिय सुरक्षा र कूटनीतिक सम्बन्धमा असर पार्ने चलचित्रलाई प्रदर्शन अनुमति नदिइने

काठमाडौँ, ३१ असार (रासस) ।
सूचना तथा सञ्चार मन्त्रालयले मुलुकको सुरक्षा, शान्ति तथा व्यवस्था र मित्रराष्ट्रसँगको सुसम्बन्धमा असर पर्ने विषयवस्तु समावेश भएका चलचित्रलाई प्रदर्शन अनुमति नदिन चलचित्र विकास बोर्डलाई निर्देशन दिएको छ ।
मन्त्रालयले यही असार २६ गते चलचित्र विकास बोर्डलाई पत्राचार गर्दै चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ८(३) अनुसार यस्ता विषयवस्तु भएका चलचित्रलाई चलचित्र जाँच समितिबाट प्रदर्शन अनुमति दिन नमिल्ने व्यवस्था रहेको स्मरण गराएको हो ।
निर्देशनमा नेपालभित्र सार्वजनिक प्रदर्शन हुने सबै चलचित्रले अनिवार्य रूपमा चलचित्र जाँच समितिबाट प्रचलित ऐन तथा नियमावलीबमोजिम जाँचपास गराउनुपर्ने छ ।
मन्त्रालयले चलचित्र निर्माता, वितरक तथा सरोकार भएका अन्यले ऐनको उक्त प्रावधानको पूर्ण पालना गर्नुपर्ने भन्दै जाँचका क्रममा ऐनविपरीतका विषयवस्तु समावेश भएका चलचित्र प्राप्त भएमा प्रदर्शन अनुमति दिन नसकिने जनाएको छ । साथै, उक्त व्यवस्था सबै निर्माता, वितरक तथा सम्बन्धित पक्षलाई जानकारी गराई आवश्यक समन्वय गर्न चलचित्र विकास बोर्डलाई अनुरोध गरिएको छ ।


## पासपोर्ट हराएको सम्बन्धी सूचना

सप्तरी जिल्ला बोदेबरसाइन नगरपालिका-५ निवासी रोशन कुमार यादव (बुबा: दिलीप कुमार यादव) को नाममा जारी भएको नेपाली राहदानी (Passport No. PA १०४७२०२) मिति २०८३ साल जेठ ५ गते राजविराजबाट बोदेबरसाइन नगरपालिका जाने क्रममा हराएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
उक्त राहदानी १६ डिसेम्बर २०२२ मा जारी भएको र १५ डिसेम्बर २०३२ सम्म बहाल रहने थियो । राहदानी हराएपछि विभिन्न स्थानमा खोजतलास गर्दा पनि फेला नपरेकाले उक्त राहदानी कसैले फेला पारेमा नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित सम्पर्क नम्बरमा बुझाइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**राहदानीधनी** : रोशन कुमार यादव
**ठेगाना** : बोदेबरसाइन नगरपालिका-५, सप्तरी
**राहदानी नं.**: PA १०४७२०२

**सूचनादाता**
रोशन कुमार यादव
सम्पर्क नं.: ९८१-९७२८९९८

## जीवन बीमा (लाइफ इन्स्योरेन्स) को कागजात हराएको सम्बन्धी सूचना

सप्तरी जिल्ला, कञ्चनपुर (साविक वडा नं. २) निवासी बिनोद कुमार साहको नाममा रहेको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड (LIC Nepal) को जीवन बीमाको सम्पूर्ण कागजात हराएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
हराएपछि विभिन्न स्थानमा खोजतलास गर्दा पनि उक्त रसिद फेला नपरेकाले यो सूचना प्रकाशित गरिएको हो । उक्त रसिद कसैले फेला पारेमा नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित सम्पर्क नम्बरमा बुझाइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**बीमित** : बिनोद कुमार साह
**बीमा कम्पनी** : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड (LIC Nepal)
**पोलिसी नं.**: १२००१०५६७
**रसिद नं.**: १६९७७६५
**ठेगाना** : कञ्चनपुर (साविक वडा नं. २), सप्तरी, नेपाल

**सूचनादाता**
बिनोद कुमार साह
सम्पर्क नं.९८१२४६३८५४


## विश्व समाचार

### एआई नियन्त्रण गर्ने कानून बनाउने अष्ट्रेलियाको घोषणा

सिड्नी, ३१ असार (रासस/एएफपी) ।
अष्ट्रेलियाले "आर्टिफिसियल इन्टेलिजेन्स" ए आई प्रयोग गर्न मार्ग दर्शन तय गर्न र रचनात्मक प्रतिलिपि अधिकारको रक्षा गर्न आवश्यक कानून बनाउने तयारीमा रहेको प्रधानमन्त्री एन्थोनी अल्बनिजले घोषणा गर्नु भएको छ ।
सरकारको नीति तथा कार्यक्रम निर्धारण सम्बन्धि भाषणमा, अल्बेनिजले एआईमाथि जनताको चिन्ता कम गरी यसलाई राष्ट्रिय हित तर्फ अघि बढाउने तरिका अपनाउन सकिने बताउनुभएको छ ।
एआईमा विश्वास निर्माण गर्न र राष्ट्रिय सुरक्षाको रक्षा गर्न अर्को वर्ष पेस गरिने प्रस्तावित नयाँ कानुनबारे छलफल गर्न अस्ट्रेलियाका राज्य र क्षेत्रका नेताहरूबीच छलफल हुने जनाइएको छ ।
अस्ट्रेलियाले बालबालिकाका लागि सामाजिक सञ्जाल प्रयोगमा प्रतिवन्द लगाउन अन्य देशहरूको नेतृत्व गरेको उल्लेख गर्दै उहाँले तर अस्ट्रेलियाको सन्दर्भमा एआईलाई आकार नियमन गर्ने चुनौती अझै ठूलो भएको जनाइएको छ ।
अमेरिकी स्टार्टअप एन्थ्रोपिकले एआई मोडेलहरूको प्रशिक्षणमा सहयोग गर्न प्रतिलिपि अधिकार कानुन परिवर्तन गर्न अष्ट्रेलियाका अधिकारीहरूसँग समन्वय गरेको कुरा यस हप्ता बाहिर आएपछि अल्बनिजको घोषणा आएको हो ।
यसैबीच सङ्गीतकार, लेखक तथा प्रकाशकहरूले यस्तो दबाबको प्रतिरोध गर्न र आफ्नो कामको रक्षा गर्न सरकारलाई आग्रह गरेका छन् ।
कुनै पनि कम्पनीले कलाकारको नियन्त्रणबिना एआई निर्माण गर्न वा तालिम दिन अस्ट्रेलियाली पुस्तक, सङ्गीत, कला वा समाचार प्रयोग गर्नु नहुने बताउदै यस्ता कार्यहरु गौर कानूनी भएको उहाँले बताउनु भएको छ
सरकारी तथ्याङ्क अनुसार मार्च सम्मका तीन महिनामा देशको आर्थिक बृद्धिमा डाटा सेन्टरमा भएको लगानी सबैभन्दा ठूलो योगदान भएको जनाइएको छ ।
अल्बनिजले सरकारले अष्ट्रेलियाको रोजगार बजारमा एआईको प्रभाव अहिलेसम्म नदेखेको बताउनुभएको छ ।
सरकारले आफ्नो विभागको नीति निरीक्षण गर्न समर्पित कार्यालयसहित एआइ प्रति आफ्नो प्रतिक्रिया अगाडी बढाउने उहाँले बताउनु भएको छ ।

### कङ्गोमा इबोला सङ्क्रमितको संख्या दुई हजार नाग्यो : डब्लुएचओ

किन्शासा (कङ्गो) ३१ असार (रासस/सिन्ह्वा) ।
विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले प्रकोपको वास्तविक मात्रा रिपोर्ट गरिएको भन्दा दुई देखि चार गुणा बढी हुन सक्ने चेतावनी दिँदै कङ्कोमा इबोला सङ्क्रमितको सङ्ख्या दुई हजार नाघेको पुष्टि गरेको छ ।
देशका स्वास्थ्य अधिकारीहरूले जारी गरेको पछिल्लो प्रतिवेदन अनुसार सन् २०११ मा ७५४ जनाको मृत्यु सहित कुल सङ्क्रमितको पुष्टि भएको थियो ।
पत्ता नलागेको सङ्क्रमण, सामुदायिक मृत्यु र द्रुत भौगोलिक विस्तारले प्रतिक्रियालाई महामारीको उच्च खतराको रुप दिदै डब्लुएचओले तथ्याङ्क घोषणा गरेको जनाएको छ ।
विश्व स्वास्थ्य सङ्गठन आपतकालिन स्वास्थ्य कार्यक्रमा कार्यकारी निर्देशक चिकवे इह्क्वियाजुले बुन्डिबुग्यो इबोला भाइरसका कारण हालको प्रकोप कुनै पनि इबोला प्रकोप भन्दा तीव्र गतिमा बढिरहेको बताउनुभएको छ ।
गत मे महिनाको मध्यमा घोषणा गरिएको यो प्रकोप पाँच प्रान्तमा फैलिएको छ भने विश्व स्वास्थ्य संगठनका अनुसार यो अहिले सम्म रेकर्ड गरिएको तेस्रो ठूलो इब• ोला प्रकोप हो ।
यो प्रकोप इटुरी प्रान्तमा यसको मूल केन्द्रभन्दा बाहिर प्रगतिशील भौगोलिक विस्तारको विशेषता रहेको "नयाँ चरण" मा प्रवेश गरिरहेको देखिन्छ, अफ्रिकाका लागि डब्ल्यूएचओको क्षेत्रीय कार्यालयले मङ्गलबार जारी गरेको साप्ताहिक अवस्था रिपोर्टले जनाएको छ ।
प्रकोप थप दुई वटा प्रान्तहरू, सोपो र हाट-उलेमा फैलिएको जनाइएको छ, जसले प्रतिक्रियाको जटिलता बढाउनुका साथै थप राष्ट्रिय र सीमापार फैलावटको जोखिम बढाएको छ, प्रतिवेदनमा उल्लेख गरिएको छ ।
कङ्गो स्वास्थ्य अधिकारीहरूले हाट-उलेमा नयाँ सङ्क्रमण देखिएको र अहिलेसम्म १४ जनामा सङ्क्रमणदर्ता भएकोमा १३ जनाको मृत्यु भएको जनाएका छन् ।
सोह्र लाखभन्दा बढी मानिसहरूको बसोबास रहेको सहर किसाङ्गानीमा नयाँ सङ्क्रमणहरु पत्ता लागेकोले कङ्गो नदी लगायत प्रमुख यातायात मार्गमा व्यापक प्रसारणको जोखिम रहेको मानवीय मामिलाको समन्वयका लागि संयुक्त राष्ट्रसङ्घको कार्यालयले चेतावनी दिएको छ ।

# नि:शुल्क प्रवेशको विरोधमा विवाह मण्डप र सङ्ग्रहालय बन्द

**दैनिक समाचारदाता**
**धनुषा, ३१ असार ।**

जनकपुरधामस्थित ऐतिहासिक विवाहमण्डप र जानकी मन्दिर परिसरमा रहेको सङ्ग्रहालय (म्युजियम) मङ्गलबारदेखि बन्द गरिएको छ ।

मधेस प्रदेशका गृहमन्त्री फकीरा महतोले धनुषा जिल्ला प्रशासनसँग परामर्श नगरी दुवै स्थलमा निःशुल्क प्रवेशको व्यवस्था गर्न निर्देशन दिएको भन्दै विरोधस्वरूप विवाह मण्डप तथा सङ्ग्रहालय बन्द गरिएको प्रशासन ले जानकारी दिएको छ ।




विवाहमण्डप र सङ्ग्रहालय बन्द भएपछि अवलोकनका लागि पुगेका स्वदेशी तथा विदेशी पर्यटक एवं दर्शनार्थी प्रभावित भएका छन् ।

उक्त विषयमा मधेस प्रदेश सरकारको आधिकारिक धारणा सार्वजनिक भएको छैन । विवाहमण्डप तथा सङ्ग्रहालय प्रशासनले वार्ता र सहमतिका आधारमा समाधान नभए थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने सङ्ग्रहालय प्रशासनले जनाएको छ ।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले विवाहमण्डप निर्माण सम्पन्न भएदेखि मन्दिर व्यवस्थापका साथै कर्मचारीका सेवा सुविधाका लागि टिकट खर्चबाट हुँदै आएकाले मन्त्री महतोले सबै टिकट नै उठाएर लगेपछि सङ्ग्रहालय बन्द गरिएको बताए ।

उनले भने, "आवश्यक छलफल र सहमतिविना गरिएको निर्णय स्वीकार्य छैन । समस्या समाधान नभए थप आन्दोलन हुन्छ ।"

जनकपुरधामको ऐतिहासिक विवाहमण्डप र जानकी मन्दिर परिसरस्थित सङ्ग्रहालय धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्पदाका रूपमा परिचित छन् ।

# सम्पत्ति जाँचबुझ आयोगका पदाधिकारीविरुद्ध अदालतको अवलेहना

काठमाडौँ, ३१ असार (रासस) ।

सम्पत्ति जाँचबुझ आयोगका अध्यक्ष तथा सदस्यहरूले सर्वोच्च अदालतको अन्तरिम आदेश उल्लङ्घन गरेको उल्लेख गर्दै अदालतको अवहेलना निवेदन दर्ता भएको छ ।

अधिवक्ता डा प्रेमराज सिलवालले यही असार २६ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले गरेको आदेशको पूरै प्रतिकूल हुनेगरी सम्पत्ति छानविन आयोगले यही असार २९ गते प्रकाशित गरेको सूचनालाई लिएर अदालतको अवहेलना निवेदन दर्ता गराउनुभएको हो । उक्त निवेदनमा यही असार ३२ गते सुनुवाइ हुनेछ ।

निवेदनमा उक्त आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारी र सदस्यहरू पुरुषोत्तम पराजुली, चण्डीराज ढकाल, गणेश केसी, प्रकाश लम्साल र आयोगलाई समेत अवहेलनामा कानुनी कारवाही गर्न सम्पत्ति आयोगविरुद्ध दुईवटा रिट निवेदन परेको हो ।

निवेदनमा सबैका हकमा अन्तरिम आदेश जारी भएकामा जाँचबुझ आयोगका पदाधिकारीहरूले न्यायाधीश र सैनिक अधिकारीहरूको हकमा मात्रै लागू हुनेगरी सूचना निकालेको भनी अवहेलनाको निवेदन पेस गरेको उल्लेख छ । अदालतको आदेशमा भनिएको थियो, "प्रस्तुत रिट निवेदनको पूर्ण इजलासबाट अन्तिम टुङ्गो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेस गर्न बाध्य नपार्नु, पेस हुन आएको सम्पत्ति विवरणउपर छानबिन गर्ने कार्य यथास्थितिमा राख्नु र कसैउपर पनि कुनै पनि किसिमको कानुनी कारबाहीका लागि सिफारिस नगर्नु नगराउनु ।"

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार अन्तरिम आदेशले पूर्वन्यायाधीशहरू, पूर्वसंवैधानिक पदाधिकारी र नेपाली सेनाका अवकाशप्राप्त अधिकारीहरूलाई सम्पत्ति विववरण बुझाउन बाध्य पारिने छैन । आयोगले त्यही आदेशका आधारमा आइतबार सूचना निकालेको थियो । सोही सूचनामा आयोगले संविधानमा विशेष व्यवस्था भएका व्यक्तिहरूबाहेक अरुको सम्पत्ति छानबिन यथावत रहने उल्लेख थियो ।

आयोगको सोही सूचनाविरुद्ध अन्तरिम आदेश बेवास्ता गरी जाँचबुझ आयोगले सूचना निकालेको भन्दै अवहेलनाको निवेदन परेको हो ।

# ‘अनलाइन’ सट्टेबाजीमा संलग्न पक्राउ

काठमाडौँ, ३१ असार (रासस) ।

काठमाडौँका विभिन्न स्थानबाट ‘अनलाइन’ जुवा (सट्टाबाजी) खेलाउने तथा सामाजिक सञ्जालमार्फत यसको प्रचारप्रसार गर्ने कार्यमा संलग्न रहेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ परेकामाथि रु दुई करोडभन्दा बढीको अनलाइन सट्टेबाजी कारोबार गरेको आरोप लागेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार पक्राउ पर्नेमा रुपन्देहीका प्रत्युशमान सिंह, बाराका गौतमकुमार गुप्ता, पाँचथरका सवनम बानियाँ र पाल्पाका सुधन सुवेदी छन् ।

प्रहरीका अनुसार काठमाडौँका विभिन्न स्थानमा अनलाइन सट्टेबाजी गराएको र श्रव्यदृश्य सामग्री बनाएर सामाजिक सञ्जालमा राखेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी परिसर काठमाडौँबाट खटिएको टोलीले माइतीघर क्षेत्रबाट उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ परेकाहरूका साथबाट चार थान मोबाइल फोन र चार थान सिमकार्ड बरामद गरिएको प्रहरीले जनाएको छ । उनीहरूले मोबाइल बैङ्किङ र बेटिङ प्लेटफर्ममार्फत रु दुई करोडभन्दा बढीको कारोबार गरेको खुलेको छ ।

पक्राउ परेका चारै जनाविरुद्ध सट्टेबाजी गर्न वा गराउन नहुने कसुरअन्तर्गत काठमाडौँ जिल्ला अदालतबाट तीन दिनको म्याद थपको अनुमति लिई अनुसन्धान अघि बढाएको प्रवक्ता भट्टराईले बताउनुभयो ।

# सार्वजनिक खरिद ऐन संशोधनले पूर्वाधार विकासलाई गति दिने विश्वास

काठमाडौँ, ३१ असार (रासस) ।

नेपाल निर्माण व्यवसायी महासङ्घले सरकारले सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधन जारी गरेकामा स्वागत गर्दै यसले मुलुकको पूर्वाधार विकासलाई गति दिने विश्वास व्यक्त गरेको छ ।

महासङ्घले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा संशोधित ऐनले ‘लो बिडिङ’ (सबैभन्दा कम मूल्यमा ठेक्का दिने) प्रणालीको अन्त्य गरी औसत विधिबाट ठेक्का प्रदान गर्ने व्यवस्था गरेकाले निर्माण क्षेत्रमा देखिएका अधिकांश समस्या समाधान हुने अपेक्षा गरिएको उल्लेख गरेको छ । महासङ्घले बजेट विनियोजन वा स्रोत सुनिश्चित नगरी खरिद प्रक्रिया सुरु नगर्ने, जग्गा प्राप्ति, मुआब्जा, निर्माणस्थल र वातावरणीय प्रतिवेदन स्वीकृत भएपछि मात्रै बोलपत्र आह्वान गर्ने व्यवस्था सकारात्मक भएको जनाएको छ ।

सरकारी मापदण्डअनुसार लागत अनुमान तयार गर्ने, नियोजक, निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदाताको जिम्मेवारी स्पष्ट गर्ने, समयमै गुणस्तरीय काम सम्पन्न गर्ने कर्मचारीलाई प्रोत्साहन तथा बोनस दिने र निर्माण व्यवसायीलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन तथा प्रशंसापत्र प्रदान गर्ने व्यवस्थालाई महासङ्घले स्वागत गरेको छ ।

महासङ्घका महासचिव शिवहरि घिमिरेले कार्यसम्पादन जमानत पाँच प्रतिशतमा सीमित गरिएको, कम्पनी एकीकृत भएपछि योग्यता गणना हुने व्यवस्था गरिएको, बोलपत्र पेस गर्ने समय बढाइएको तथा सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णय कार्यान्वयनलाई थप बाध्यकारी बनाइएको व्यवस्थाले सार्वजनिक खरिद प्रणालीलाई थप व्यवस्थित र मर्यादित बनाउने विश्वास व्यक्त गर्नुभयो ।

महासङ्घले सार्वजनिक खरिद ऐन संशोधनलाई पूर्वाधार विकाससँग जोडेर अगाडि बढाएको भन्दै प्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सम्बन्धित सचिव तथा कर्मचारीलाई धन्यवाद दिएको छ । साथै निकट भविष्यमा संशोधन हुने सार्वजनिक खरिद नियमावलीमा सबै अवधिका खरिद सम्झौतामा मूल्य समायोजन हुने व्यवस्था गर्न पनि महासङ्घले सरकारसँग माग गरेको छ ।

## *प्रतिष्ठानको काम ...*

सुरु गरेका थिए । जसको फलस्वरुप प्रतिष्ठान वर्तमान स्वरुपमा अगाडी बढेको छ ।

प्रतिष्ठानमा आ.व. २०७६/७७ मा ४० करोड, आ.व. २०७७/७८ मा ११ करोड बजेट निकासा गरिएपनि उक्त बजेट फ्रिज भएको थियो भने बजेटहरु रकमान्तर गरी अन्यत्र हालिएको तथा आ.व. २०७८/७९ मा बजेट नरहेको र समितिको म्याद सकेर परियोजना बन्द भइसकेको अवस्थामा उनले पहल गरि उनले सप्तरीकै गौरवको योजनाको रुपमा प्रतिष्ठानलाई नयाँ रुप दिएका थिए ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागी २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागी लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए ।

प्रतिष्ठान घोषणा गर्दा गजेन्द्र नारायण सिंह अस्पताललाई प्रतिष्ठानको शिक्षण विद्यालय बनाई एम.वि.वि.एस. र एम.डी.को अध्यापन गर्ने काम ५ बर्ष मै शुरु गर्ने सपना बाँडिएको थियो तर राजनीतिक दलको आश्वासन मात्र बाँडने नीति र सरकारी उपेक्षाले आवश्यक बजेट र ऐन नदिने कार्यले गर्दा ७ बर्ष भन्दा बढी समय बितिसक्दा पनि आम नागरिकले देख्ने गरी प्रतिष्ठानको लागि छुट्टयाईएको जग्गामा तारजाली बाहेकको काम सम्पन्न हुन सकेको छैन ।

ऐन बन्ने निश्चित भएकै कारणले हुन सक्छ नेपाल सरकारले प्रतिष्ठानको पूर्वाधार विकासका लागि यस वर्ष ५० करोड विनियोजन गरि टेन्डर प्रक्रिया अघि बढाएको छ जसको श्रम तथा रोजगार मन्त्री रामजी यादवले आफ्नो सामाजिक संजालमार्फत जानकारी दिएका छन् ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*